**सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास**

**माननीय न्यायाधीश डा.श्री आनन्दमोहन भट्टराई**

**आदेश**

०७६-WO-०९४१

अधिवक्ता शैलेन्द्रप्रसाद हरिजन समेत------------------------------------------१ निवेदक

बिरुद्ध

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरवार, काठमाडौं समेत---------१ विपक्षी

मुद्दा : परमादेश समेत।

निवेदन पेश भै रिट निवेदक अधिवक्ताहरु श्री शैलेन्द्रप्रसाद हरिजन, श्री पुष्पराज पौडेल तथा रिट निवेदकका तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्ताहरु श्री अम्बरबहादुर राउत, श्री सन्तोष भण्डारी र श्री लक्ष्मी (नानी) थापाले गर्नु भएको बहस सुनियो।

यसमा के कसो भएको हो? निवेदन माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने कुनै आधार र कारण भए बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षी नं. १, २, ३, ४, ५, ७, ८ र ९ को हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत र विपक्षी नं. ६ को हकमा आफैं वा आफ्नो कानून बमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेश गर्नुहोला भनी यो आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरुका नाउँमा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार गरी पेश गर्नू।

अन्तरिम आदेश माग गरेको सम्बन्धमा निवेदकले औषधी, पानी, खाद्यान्न लगायतका सामाग्रीहरु बिना अवरोध तथा नियमित रुपमा प्राप्त हुनुपर्ने, बन्दाबन्दी/लकडाउनको समयमा जनताप्रति अमानवीय र अपमानजनक व्यवहार हुन नहुने, सो नहुनको निमित्त प्रभावकारी संयन्त्रको निर्माण हुनुपर्ने र मानवअधिकारको प्रभावकारी अनुगमन हुनु पर्ने आदि

विषय उठाई प्रस्तुत सार्वजनिक सरोकारको निवेदनमा अन्तरिम आदेशको माग गरेको देखियो। यी मागहरु अवश्य पनि महत्वपूर्ण छन्। एकातर्फ कोभिड-१९ को माहामारीबाट समस्त नेपाली जनताको जीवनको रक्षा गर्नुपर्ने छ भने अर्कोतर्फ संविधान प्रदत्त हकहरुको हरहालतमा संरक्षण गरिनु आवश्यक छ। यिनै कुराहरुलाई दृष्टिगत गर्दै यस अदालतबाट यस अघि दायर भएका रिट निवेदनहरुमा विपक्षी नेपाल सरकार समेतका नाउँमा विभिन्न मितिमा विभिन्न आदेशहरु भएको अवस्था छ। माहामारीको प्रभाव, सरकारको तयारी, जनताको हकको प्रत्याभूति, जनजिविकाको रक्षा समेतका विषयमा विद्यमान स्थितिको मूल्याङ्कन र कमी कमजोरी सच्याउने सन्दर्भमा पुनः सुनुवाई गर्ने आदेश पनि भैरहेको अवस्था पनि छ। तसर्थ ती रिट निवेदनहरुमा पुनः सुनुवाईको निमित्त मिति २०७७।१।११ गते पेशीको तारेख तोकिएको र सो पेशीमा महान्यायाधिवक्ता समेतको उपस्थितिको निम्ति लेखिएको हुँदा उक्त कोभिड-१९ सँग सम्बन्धित ०७६-WO-०९३२, ०७६-WO-०९३३, ०७६-WO-०९३४, ०७६-WO-०९३६, ०७६-WO-०९३८ र ०७६-WO-०९४० समेतका रिट निवेदनहरु पेश हुँदा अन्तरिम आदेश छलफलको लागि प्रस्तुत रिट निवेदनसमेत साथै राखी नियमानुसार गरी पेश गर्नू।

न्यायाधीश

इति सम्बत् २०७७ साल बैशाख ९ गते रोज ३ शुभम् ------------------------------।